सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक

# शुभम सन्देश

Shubham Sandesh

National DAILY दैनिक

वर्ष :५ । अंक ८७ । २०८० साल, मंसीर १८ गते मंगलबार । Tuesday 5 Dec, 2023 । मूल्य रु. ५/- । पृष्ठ :४

## तलबको मांग गर्दै सिम्रौनगढका शिक्षक तथा कर्मचारीको धर्ना ४९ औं दिन जारीअब बिधालयको पठनपाठन समेत बन्द गर्ने





***शुभम सन्देश,***
***बारा, १८ मंसीर***

बाराको सिम्रौनगढ नगर पालिकामा लामो समय देखि तलब भता नपाएका शिक्षक तथा कर्मचारी हरुले आफनो तलब र सेवा सुबिधाको मांग गर्दै ४९ दिनदेखि नगरपालिका कार्यालय अगाडी धर्नामा बस्दै आएका छन्। दशै तिहार र छठ्ठ जस्ता पर्वमा समेत कर्मचारीहरुले तलब नपाउदा उधारो र कर्जा लिई छठ्ठ पर्व मनाएको कर्मचारीहरु बताउ छन् । कसैको एक वर्ष त कसैको सो भन्दा पनि बढी समयको तलब भता बाकी र हदा अब हातमुख समेत जोडन धौ- धौ परिरहेको धर्नामा बसेका कमचारीहरु बताउछन् । अब आन्दोलनको कार्यक्रमलाई सस्क्त रुपमा बढाउन यही मंसिर २१ गते देखी नगर भरीका बिधालयको पठनपाठन बन्द शिक्षक संघ सिम्रौनगढले विज्ञाप्ती जारी गरेको छ ।

कर्मचारीहरुका अनुसार नगर प्रमुख किशोरी प्रसाद कलवारले केही दिन अगाडी आफुहरुको सम्पूर्ण समस्या समाधान गर्ने प्रतिबध्ता जनाई नगर पालिकाको कार्यालयमा लगाइएको ताल्चा तोडन लगाई सोही दिन छलफल गरि अर्को दिन वर्ताका लागि शिक्षक प्रतिनिधी, नगर अस्पतालमा काम गर्ने स्वास्थकर्मीको प्रतिनिधि र करार तथा व्यालादारीमा काम गर्ने कर्मचारीलाई बोलाइ छलफल गर्दै जाँदा समेत नगर प्रमुख जयसवालले मेरो गोरुको बाह्रैटाका जस्तो आफनो निर्णय मात्र थुपार्ने काम मात्र गरेको ले आपुहरुको समस्या जहाको त्यही रहेको कारार तथा ज्यालादारी कर्मचारी संघका अध्यक्ष नितेश यादवले जानकारी गराए ।

यता निमित प्रशासकीय अधिकृतको नाममा खाता सञ्चालनको अख्तियारी दिदा समेत हाल सम्म खाता सञ्चालन नगरेकाले शिक्षकतथा कर्मचारीहरु तलब जान नसकेको नगर प्रमुख जयसवालले बताए ।

नगर प्रमुख र बहुमत कार्यपालिका सदस्यबीचको बिबादका कारण समयमा नगर परिषद सम्पन्न नहुदा साथै बिगतमा भएको बिकासको कार्यमा भएको अनिमितता भ्रष्टाचरी र बेरुजु रकमका कारण प्रमुख प्रशासकीय अधिकृत,लेखा अधिकृत,जिनसी शाखा प्रमुख,इन्जीनियर,ओभरसियर लयायतका अधिकांश स्थायी कमचारीहरु निलम्बनमा पर ेकाले कोही कर्मचारी सिम्रौनगढ आउन नचाहेको र आएकोले पनि पालिकाको जन प्रतिनिधि बिचको बिवादका कारण पुन्ह फर्केर जाने गरेको स्थानियहरु बताउछन् ।

## कटवासीमाई पाँच बार्षिय मेलाका लागि मुलसमिति कार्यालयको उद्घाटन

***शुभम सन्देश,***
***बारा, १८ मंसीर***




बाराको महागढीमाई नगर पालिका स्थित कटवासीमाई पाँच बार्षिय पुजा एवम मेलाका लागि गठित मुल समिति कार्यालयको उद्धाटन कार्यक्रम सोमबार सम्पन्न भएको छ। महागढीमाई नगरपालिका वडा नं ७ स्थित तेलगाई गाउँमा कटवासीमाई मन्दिर अगाडि पुजा एवम मेला मुल समिति कार्यालयको उद्धाटन नगरप्रमुख उपेन्द्र यादवले गरेका छन्। नगरप्रमुख यादवले मुल समिति कार्यालयको उद्धाटन गर्दै कटवासीमाई मेलामा आउने भक्तजनको लागि कडा शान्ति सुर क्षाका साथ मेला भब्य र सभ्य लागाउन नगरपालिकाले हरसम्भव प्रयास गर्ने बताएका छन् ।

गढीमाइको मेला लाग्नु भन्दा एक वर्ष अगाडी लाग्ने सो कटवासीमाईको मेलामा आउने भक्तजन दर्शनार्थीहरुको लागि खानेपानी , शौचालय ,र बासको ब्यवस्थापनलाई पहिलो प्राथमिकतामा राखेर मेला समितिले ब्यवस्थापन गरिरहेको नगर प्रमुख यादवले बताए। कटवासीमाई मंन्दिर सम्म पुग्न सडक बाटोघाटो र बिजुली बतीको ब्यवस्थापन भईसकेको कुरा समेत यादवले बताए। सोही क्रममा उनले मेला पछि जती सक्दो चाडो कटवसीमाई मंन्दिर समेत निर्माण गर्ने नगर प्रमुख यादवले बताए । उक्त कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले समेत मेलाको समग्र ब्यवस्थापनमा आवस्यक सहयोग गर्ने प्रतिबद्धता जनाए ।

प्रहरी उपरीक्षक सुरेश काफ्लेले मेला स्थलमा जाडरक्सी बेच्नमा समितिले नै रोक लगाउन आग्रह गर्दै रक्सी खाएर झैझगडा गर्ने र होहल्ला भएर मेला भर्न आएकालाई समस्या हुने तर्फ देखाउदै सबैको सुरक्षाका लागि यस्तो गर्नुपर्ने बताए। एसपी काफ्लेले मधेशको संस्कार संस्कृति लाई जगेर्ना गरेर हामिले आफ्नो संस्कार लाई बचाउनु पर्ने र यसैले संसारमा नेपालको बिबिधतालाई देखाउन मदत मिल्ने बताए ।

मेला समितीका अध्यक्ष शिवेन्द्र प्रताप सिंहको अध्यक्षता एवम नगर प्रमुख उपेन्द्र प्रसाद यादवको प्रमुख आतिथ्यमा भएको उदघाटन कार्यक्रममा संविधान सभा सदस्य राम अयोध्या प्रसाद यादव,पुर्व रास्ट्रीय सभा सदस्य रमेश यादव,सुवर्ण गाउपालिका अध्यक्ष राजेश प्रसाद यादव,बिशिस्ट अतिथि प्रजिअ नवराज सापकोटा,प्रहरी उपरीक्षक सुरेश काफ्ले, अनुसन्धानका एसपी अभिनय सिंह ,नेपाली सेनाका प्रतिनिधि, वडाअध्यक्षहरु लगायत राजनितिक दलका प्रतिनिधि तथा सञ्चारकर्मीहरुको उपस्थिती रहेको थियो ।

## प्रधानाध्यापकको बदमासीले शिक्षकलाई सास्ती, ८ महिनादेखि शिक्षकहरु तलबबाट वञ्चित



**१८ मंसिर,जनकपुर**

धनुषामा एक स्थानीय तहमा जनप्रतिनिधिको बेवास्ताका कारण शिक्षकहरु ८ महिनादेखि तलबबाट वञ्चित रहेका छन् ।जिल्लाको औरही गाउँपालिका स्थित श्रीराम जानकी माध्यमिक विद्यालय भिmट्कोहियाका दुई दर्जन शिक्षक, शिक्षिका र कार्यालय सहयोगीसमेतले ८ महिनादेखि तलब तथा सेवा सुविधाबाट वञ्चित छन् ।यस विद्यालयका प्रधानाध्यापक मदन कुमार महराको मनभेदले गर्दा ८ महिनादेखि शिक्षकहरुले तलब पाउन नसकेको आरोप शिक्षकहरुले लगाएका छन् ।दरबन्दीमा नयाँ शिक्षक बद्रीनारायण यादवलाई प्रधानाध्यापक महराकै आदेशमा हाजिर गराएपनि पछि लेखापाल रामशंकर यादवमाथि विभिन्न आरोप लगाउँदै प्रधानाध्यापकले तलब निकासामा रोक लगाएपछि शिक्षक तथा कर्मचारीहरुलेसमेत ८ महिनादेखि तलबबाट वञ्चित हुनुपरेको दुःखेसो उनीहरुको रहेको छ ।

प्रधानाध्पक महराले लेखापाल रामशंकरमाथि विभिन्न आरोप लगाउँदै रिसमा तलब निकासा नै ठप्प गरेपछि शिक्षकलाई निकै समस्या उत्पन्न भएको एक शिक्षकले बताए ।

प्रधानाध्यापक महरालाई औरही गाउँपालिकाको कार्यालयले अन्यत्रै सरुवा गर्दै उनको ठाउँमा अन्यलाई प्रधानाध्यापक बनाउने कुरा थाहा पाएपछि उनी लेखापाल रामशंकर यादवसँगको मनभेदका कारण तलब निकासमा उनले अवरोध सृजना गरेको हो ।

शिक्षकहरुले तलब निकासाका लागि गाउँपालिकामा धर्नासमेत दिएका थिए । धर्ना दिएपछि औरही गाउँपालिकाले तलब निकासा अवरुद्ध गर्ने प्रधानाध्यापक महरलाई हटाएर ज्येष्ठताको आधारमा विद्यालयका शिक्षकलाई प्रधानाध्यापक बनाउने र तलब निकासा समेत हुने भन्दै योजना बनाएका थिए ।

तर शिक्षकहरुसँग सहमती गरेको करिब महिनादिन वित्दासमेत तलबसमेत पाउने अवस्था देखिएको छैन । यता औरही गाउँपालिकाका बोर्ड सदस्य सन्तोष ठाकुरले शिक्षकहरुको तलब निकास तत्कालै हुने र यसका लागि पालिकाले पहलकदमी लिइसकेको बताए ।

उनले विद्यालयमा उत्पन्न सृजनालाई साम्य पार्दै शिक्षकहरुको जायज माग पुरा हुनेमा विश्वस्त पार्न खोजे । पालिकाले तलबका लागि विद्यालयको खातामा पठाएपनि प्रधानाध्यापक महराले भने रोक लगाएका छन् ।

उनले लेखापाल यादवमाथि फर्जी नियुक्ति लिएकोलगायतका आरोप लगाउँदै विद्यालयलाई लथालिंग बनाएको छ । भने विद्यालयमा अध्ययनअध्यापन पनि प्रभावित बनेको छ ।

तर लेखापाल यादवले प्रधानाध्यापक महराले लगाएको आरोपलाई निराधार रहेको बताउँदै आफु नेपाल सरकारको स्थायी कर्मचारी रहेको बताए । लेखापाल यादवले भने, 'यदी आफु गलत र फर्जी कागजात पेस गरेर लेखापाल पदमा जागिर गरिरहेको छु भने प्रमाणित गर्न चुनौती दिन्छु ।

**बाँकी तेस्रो पृष्ठमा........**

प्रकाशक : रामबाबु प्रसाद मेहता
प्रधान सम्पादक : अजय कुमार
सम्पादक : सरोज कुमार सिंह
सह सम्पादक : सरिता चौधरी
समाचार सम्पादक: तिवारी यादव
प्रबन्धक : मुकेश कुमार महतो
कानुनी सल्लाहकार: परमहंस केशरी
कम्प्यूटर लेआउट : म. फरिद
मुद्रक : बारा प्रिन्टीङ्ग प्रेस
कलैया उमनपा-४, बारा
ईमेल : subhamsandeshdaily@gmail.com
सम्पर्क नम्बर : ९८४५२१७३२९,९८५५०४५५५२, ०५३५५१४९७
प्रधान कार्यालय : सिम्रौनगढ नपा ६, बारा
सम्पर्क कार्यालय : कलैया उमनपा १ (मोतिवाग), बारा

भुकम्पबाट बच्ने उपायहरु...............

-घर ,पुल तथा अन्य संरचना बनाउदा भुकम्प प्रतिरोधी बनाऔ ।
-घर वरिपरी तथा सार्वजनिक स्थललाई खुल्ला राखौ ।
-भुकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔ ।

आदर्श कोतवाल
गाउँपालिकाको कार्यालय
महेन्द्र आदर्श बारा

# किन बढिरहेछ अज्ञात संक्रमण ?

केही दिन अगाडि एक जना ज्वरोका बिरामीको प्रयोगशाला परीक्षण गर्दा कुनै पनि संक्रमण पुष्टि हुन सकेन । केही दिनपछि उनको ज्वरोमा कमी आयो र स्वास्थ्यमा क्रमिक सुधार देखियो । यस्ता संक्रमण पुष्टि हुन नसकेका बिरामीहरू विगतदेखि नै ठूलो संख्यामा देखिंदै आइरहेको हो ।

र, सम्भवत: धेरै अस्पतालका चिकित्सकहरूले पनि यस्तो अवस्थाको अनुभव गरिरहेको हुनुपर्छ । कोभिड-१९ भन्दा अगाडिसम्म अस्पतालको पाँचवर्षे तथ्यांक हेर्ने हो सबैभन्दा बढी अस्पताल (टेकु अस्पताल) भर्ना हुने ज्वरोका बिरामी निको भई अस्पतालबाट डिस्चार्ज हुञ्जेलसम्म पनि संक्रमणको निदान हुने गरेको पाइँदैन ।अर्थात्, अस्पताल भर्ना हुने ज्वरोका बिरामीमा अज्ञात संक्रमण अस्पताल भर्ना गराउने ठूलो र पहिलो कारक भएको देखिन्छ ।

फलत: लक्षणको आधारमा उपचार गर्नुपर्ने चिकित्सकको बाध्यता रहन्छ । यसले उपचार लम्बिने र औषधिको अनावश्यक प्रयोग हुने र गर्नुपर्ने सम्भावना र बाध्यता बढेर जान्छ । कम अनुभव भएका चिकित्सकको लागि त झन् यस्तो अवस्थामा थप चुनौतीपूर्ण हुने गर्दछ ।संक्रमण पुष्टि नहुँदा एन्टिबायोटिकको प्रयोग ज्वरो वा समग्र स्वास्थ्यमा सुधार नभएसम्म परिवर्तन गरिरहनुपर्ने अवस्था समेत सिर्जना हुने गर्दछ । यसबाट एन्टिमाइक्रोबायल रेसिसटेन्ट (एएमआर)को सम्भावना बढेर जाने गर्दछ । एन्टिमाइक्रोबायल रेसिसटेन्टको समस्याले अहिले विश्वव्यापी विकराल समस्या लिंदै गइरहेको छ ।

केही समय अगाडि एन्टिमाइक्रोबायल रेसिसटेन्ट सचेतना सप्ताह (१८-२४ नोभेम्बर) पनि मनाइयो । जथाभावी र आफूखुसी एन्टिबायोटिकको प्रयोग नगर्न धेरैजसो स्वस्थ सरोकारवालाहरूको सल्लाह थियो जुन वर्षेनि भन्दै आइरहेको पनि हो । तर संक्रमण पुष्टि गर्न गरिने परीक्षणहरू अति सीमित भई लक्षणहरूको आधारमा उचार गर्नुपर्ने बाध्यताको कारणले स्वयं स्वास्थ्यकर्मीहरूले एकपछि अर्को एन्टिबायोटिकहरूको प्रयोग गर्नुपर्ने बाध्यता रहेको छ । किनभने संक्रमणको लक्षणहरू एकअर्कासँग धेरै हदसम्म मिल्दोजुल्दो हुने गर्दछ। यसले पनि संक्रमण पुष्टि गर्न कति आवश्यक र महत्वपूर्ण रहेछ भन्ने देखाउँछ संक्रमण पुष्टि गर्न असमर्थ भए नियन्त्रणमा समेत कठिनाई हुने गर्दछ। उदाहरणको लागि, टाइफाइड र स्क्रब टाईफस संक्रमणका प्रारम्भिक लक्षणहरू एकअर्कोसँग धेरै हदसम्म मिल्दोजुल्दो हुने गर्दछ भने दुवै मनसुन सिजनमा बढी सक्रिय देखिने गर्दछ तर दुवैको सर्ने तरिका भने फरक छ ।

टाईफाइड खानेकुरा र पानीबाट सर्ने गर्दछ भने स्क्रब टाईफस चिगर माइट (किर्ना) को टोकाइबाट सर्ने गर्दछ ।हाल धेरैलाई ज्वरो र रुघाखोकी देखिने गरेको (फ्लु नेगेटिभ) छ । तर फ्लु भाइरस बाहेक अरू संक्रमणको नियमित परीक्षण नगरिने हुँदा यस्ता संक्रमणहरू अज्ञात हुने क्रमले निरन्तरता पाइरहेको छ ।यसकारण जब यी रोगहरूले प्रकोपको रूप लिन्छ तब पुष्टि गर्न वा हुन सकेन भने नियन्त्रणको पाटोले समेत सही दिशा पाउन सक्दैन । फलस्वरूप नियन्त्रणमा विलम्ब आउँछ ।सन् २०१५ मा पहिलो पटक केही बालबालिकाको मृत्यु हुनुको मुख्य कारण उनीहरूमा स्क्रब टाईफसको पहिचानमा ढिलाइ हुनु नै थियो । जबकि स्क्रब टाईफसको छिटो र सही पहिचान गर्न सके पूर्ण रूपमा निको हुन्छ ।

त्यस्तै कोभिड-१९ ले तीव्र भेरियन्ट परिवर्तन गर्दैगर्दा ओमिक्रोनले समुदायमा व्यापकता लिइसक्दासम्म हामीले सामान्य रुघाखोकी भनेर बसेका थियौं ।त्यतिवेला यस्तो सोच्नु वा मान्नुको मुख्य कारण जाडो महिना हुनु, कमन कोल्डको जस्तो लक्षण देखिनु र अघिल्लो भेरियन्ट भन्दा कम घातक हुनु नै थियो । पछि सो भेरियन्ट पुष्टि भएसँगै कोभिड-१९ का नियन्त्रणका उपायहरूलाई थप प्रभावकारी रूपमा अपनाउन सुझावहरू दिइएको थियो ।

संक्रमणको पहिचान गर्न नसकेमा बिरामीलाई दिने परामर्श पनि गलत हुन जान्छ । सन् २०२२ मा डेंगुले काठमाडौंमा व्यापक प्रभाव पार्दै गर्दा कतिपय संक्रमितमा डेंगु नेगेटिभ पनि देखिने गरेको अनुभव छ । अर्थात् उनीहरू डेंगु जस्तो देखिने लक्षणहरूबाट बिरामी भएका थिए ।यहाँ बुझ्नुपर्ने महत्वपूर्ण कुरा के हो भने डेंगु निश्चित औषधि नहुँदा लक्षणमा आधारित उपचार र बढी परामर्शको आवश्यकता रहने गर्दछ । तर सोही समयमा सोही लामखुट्टेले अरू संक्रमणहरू फैलाइरहेको भए वा डेंगु जस्तो लक्षण भएका अरू संक्रमणहरू रहेछ भने (लामखुट्टे बाहेक अरू माध्यमबाट संक्रमण फैलिरहेको भए) परामर्श पनि गलत हुन जान्छ ।

केही वर्ष अगाडि रगतमा प्लेट लेट्सको कमी हुने ज्वरोका बिरामीहरूले अस्पताल व्यापक भरिएको अनुभव छ । तर हामीसँग भएको सीमित संक्रमणको परीक्षणले गर्दा त्यो कुन संक्रमण थियो भनेर पुष्टि भने कहिल्यै भएन । यसलाई अज्ञात संक्रमणको प्रकोप भन्ने गरिएको छ ।त्यस्तै हाल धेरैलाई ज्वरो र रुघाखोकी देखिने गरेको (फ्लु नेगेटिभ) छ । तर फ्लु भाइरस बाहेक अरू संक्रमणको नियमित परीक्षण नगरिने हुँदा यस्ता संक्रमणहरू अज्ञात हुने क्रमले निरन्तरता पाइरहेको छ ।

पछिल्लो समय छिमेकी देश चीनको बेइजिङमा हजारौं बालबालिका अज्ञात संक्रमणको कारणले निमोनिया भई अस्पताल भर्ना भइरहेको जानकारीहरू मिडिया मार्फत प्राप्त हुने क्रम जारी छ। यसबारेमा विश्व स्वास्थ्य संगठनले पनि चासो दिएको देखिन्छ । यद्यपि बालबालिकामा निमोनिया ह्वात्तै बढ्नुमा जाडो महिनामा देखिने/देखिंदै आइरहेका फ्लु भाइरस, आरएसभी भाइरस, एडेनो भाइरस, सार्स कोभ-२ भाइरस तथा माइकोप्लाज्मा निमोनिया जस्ता संक्रमणहरूलाई जिम्मेवार मानिएको छ । र कुनै नौलो संक्रमणको पनि पुष्टि नभएको भनिएको छ ।

यो जवाफ दिन सक्नुमा परीक्षणको दायरा फराकिलो हुनु नै हो । यद्यपि वर्षेनि जाडो महिना देखिने माथि उल्लिखित संक्रमणहरू अहिले बालबालिकामा कडा रूपमा प्रस्तुत हुनुको सटिक कारण र जवाफ भने कसैले दिन सकेको देखिंदैन ।द्रुत स्वरूप परिवर्तन गर्न सक्ने क्षमता भएको र नयाँ-नयाँ भेरियन्टको रूपमा देखिने कोभिड-१९ को अवस्था पत्ता लगाउन नेपालले सिक्वेन्सिङ प्रविधिको पनि स्थापना गरेको थियो ।

हाल यो नियमित संचालनमा भए नभएको सार्वजनिक छैन तर पनि ज्वरोका बिरामीका नमूना हाल उपलब्ध संक्रमणका परीक्षणहरू नेगेटिभ देखिए। सिक्वेन्सिङ प्रविधिको प्रयोग गरी संक्रमण पत्ता लगाउन सहज हुनेछ र पत्ता लगाउनु पनि पर्दछ ।

यसबाट नयाँ संक्रमण वा भएका संक्रमणको नयाँ पुस्ताको विकास भए नभएको पत्ता लगाउन सकिनेछ ।अज्ञात संक्रमणको चाङ बढ्दै जाँदा त्यसको सही र शीघ्र पहिचान, उपचार र नियन्त्रणका उपायहरूको लागि अनुसन्धान अति जरूरी भइसकेको छ । हामीले वर्षौंदेखि अनुसन्धानमा केन्द्रित सेन्टर फर डिजिज कन्ट्रोल एण्ड प्रिभेन्सन (सीडीसी) जस्तो संस्थाको आवश्यकताको वकालत पनि गर्दै आइरहेका छौं ।

अज्ञात वा पुष्टि नभएका संक्रमणको अवस्था पनि अज्ञात र हने तर कुनै पनि समय महामारीको रूप लिन सक्ने, उपचार सही नहुने, अनुमानको भरमा एकपछि अर्को एन्टिबायोटिकको प्रयोग गर्दै जाँदा जीवाणुमा औषधि प्रतिरोधात्मक क्षमताको विकास हुँदै जाने र प्रकोप र महामारीलाई शीघ्र नियन्त्रणमा ढिलाइ हुने जस्ता चुनौती देखिने छन् ।

स्मरणरहोस्, कोभिड-१९ को पनि पहिचान, उपचार, खोप विकास र नियन्त्रणमा ढिलाइ हुँदा विश्वव्यापी ठूलो संख्यामा मानवीय क्षति भएको थियो ।

# सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण

सर्लाही, १८ मङ्सिर :

सामुदायिक विद्यालयमा विद्यार्थीको उपस्थिति घट्दै गएका बेला सर्लाहीको बागमती नगरपालिकामा सञ्चालित सामुदायिक विद्यालयमा भने पछिल्लो समय विद्यार्थीको आकर्षण बढ्दै गएको छ। बागमती नगरपालिकामा निर्वाचित जनप्रतिनिधि र कर्मचारीले नगरका सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्दै गुणस्तरीय शिक्षामा प्राथमिकता दिएपछि पछिल्लो समय सामुदायिक विद्यालयमा अभिभावक र विद्यार्थीको आकर्षण बढ्दै गएको हो ।

सामुदायिक विद्यालयको पूर्वाधारको विकाससँगै नेपाली र अङ्ग्रेजी माध्यमबाट सिकाइ, शिक्षकको पनि प्रयोगात्मक परीक्षा, विद्यालयका लागि अतिरिक्त क्रियाकलाप सुरु गरेपछि निजी विद्यालय छोडेर सामुदायिक विद्यलायमा अध्ययन गर्न आउने विद्यार्थीको सङ्ख्या बढेको नगरपालिकाको शिक्षा शाखा प्रमुख मीनप्रसाद उपाध्यायले जानकारी दिनुभयो उहाँले नगरपालिकाको पहलमा वृहत राष्ट्रिय शिक्षा अभियानका अभियान्ता अभिषेक घिमिरेले नगरभित्रका सामुदायिक विद्यालयको गुणस्तर सुधारमा निर्वाह गर्नुभएको भूमिका अत्यन्तै प्रशंसनीय रहेको बताउनुभयो ।

ती सामुदायिक विद्यालयमा प्राविधिक शिक्षाको समेत व्यवस्था गरिनु अभिभावक र विद्यार्थीको आकर्षणको मुख्य पाटो रहेको नगर शिक्षा शाखाका ओमबहादुर कार्कीले बताउनुभयो। उहाँका अनुसार नगरभित्रका २५ वटै सामुदायिक विद्यालयमा नेपाली र अङ्ग्रेजी माध्यामबाट अध्यापन भइरहेको छ ।कक्षा ५ सम्म अनिर्वाय अङ्ग्रेजी माध्याम र कक्षा ६ देखि १२ सम्म नेपाली र अङ्ग्रेजी दुवै माध्याममा अध्यायन अध्यापन भइरहेको नगर शिक्षा शाखाले जनाएको छ। नगर भित्र रहेका पाँच वटा माध्यामिक विद्यालयमध्ये तीन वटामा प्राविधिक विषयको पनि अध्यापन भइरहेको छ। वडा नं ८ स्थित शङ्करपुरमा रहेको नवजन जागरण माविमा पशु सेवा, बागमती नगरपालिका- ५ स्थित सोल्टीमा रहेको जनता माविमा कृषि र बागमती नगरपालिका-११ स्थित कर्मैयामा रहेको श्री ५ महेन्द्र माविमा सिभिल इन्जिनीयरिङको अध्यापन भइरहेको नगर शिक्षा विकास समितिका संयोजक राजकुमार विकले जानकारी दिनुभयो ।

उहाँका अनुसार नगरभित्रका सामुदायिक विद्यालयमा गत शैक्षिक सत्रमा करिब सात हजार विद्यार्थी अध्यायनरत रहेकामा यसवर्ष करिब सात हजार छ सय विद्यार्थी सङ्ख्या पुगेको छ। नगरपालिकाभित्रका कुनै पनि सामुदायिक विद्यालयमा भएका भौतिक संरचनाभन्दा बढी विद्यार्थी हुने भएपछि भर्ना कार्यक्रम रोकेर सङ्ख्यात्मकभन्दा गुणस्तमक विकास गर्न लागिएको उहाँको भनाइ थियो ।

केही वर्षअघिसम्म अधिकांश विद्यार्थी र अभिभावकको रोजाइ निजी विद्यालय थियो तर स्थानीय तहको निर्वाचन २०७४ पछि यहाँका जनप्रतिनिधिका साथै कर्मचारीले आफ्ना छोराछोरीलाई सामुदायिक विद्यालयमै पढाउनुपर्ने बाध्यकारी नियम बनाएर ती विद्यालयको गुणस्तरमा सुधार भएपछि यहाँका अभिभावक र विद्यार्थीको रोजाइँ अहिले सामुदायिक विद्यालय नै भएको नवजन जागरण माविका प्रधानाध्यापक बद्रीप्रसाद पोखेलले बताउनुभयो । उहाँका अनुसार निजी विद्यालयकै झैँ नेपाली र अङ्ग्रेजी दुवै माध्यामका साथै अतिरिक्तमा प्राविधिक धार सुरु

बाँकी तेस्रो पृष्ठमा........

व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

बारागढी गाउँपालिकाको कार्यालय
बारागढी, बारा

# बच्चालाई निमोनियाबाट कसरी जोगाउने ?

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)का अनुसार विश्वभर पाँच वर्षमुनिका बच्चाको मृत्यु हुनुको प्रमुख कारणमध्ये निमोनिया एक हो। विश्वमा प्रत्येक ४५ सेकन्डमा कम्तीमा एक बच्चाले निमोनियाको कारणले ज्यान गुमाउने गरेको छ ।यसको अर्थ निमोनिया शिशु तथा बालबालिकाको लागि घातक साबित हुन सक्छ ।

तर बेलैमा निमोनिया हुन नदिन र भएमा तत्काल पहिचान गरी बचाउन विशेषगरी जाडो मौसममा सर्तकता अपनाउन आवश्यक छ ।के हो निमोनिया ?फोक्सोमा कुनै कारणवश हुने संक्रमणलाई निमोनिया भनिन्छ । निमोनिया यस्तो रोग हो, जसबाट सबै उमेरसमूह प्रभावित हुन सक्छ । विशेषगरी शिशु यसको जोखिममा बढी हुन्छन् ।कारणनिमोनिया गराउन विभिन्न तत्व कारक मानिन्छ । शिशुहरुले बान्ता गर्दा निलेर त्यसको कण छातीसम्म पुगेर निमोनिया हुन सक्छ। अर्को कारण भनेको मट्टीतेलको कण पनि फोक्सोमा पुगेर निमोनिया हुने जोखिम हुन सक्छ ।

त्यस्तै चिसो मौसममा देखा पर्न सक्ने भाइरल इन्फ्लुएन्जा, ब्याक्टेरियाको संक्रमण र रुघाखोकीको समयमा उपचार नहुँदा निमोनिया हुन सक्छ । जन्मिंदा आवश्यक खोप नपाएका बालबालिकालाई पनि निमोनियाको जोखिम हुन्छ ।**लक्षण**उच्च ज्वरो आउने, सास फेर्न कठिन हुने, छाती दुख्ने, छिटो-छिटो सास फेर्ने, खोकी लाग्ने, कोखा हान्ने, नङ वा ओठमा नीलो रङ देखिने निमोनियाको लक्षण हुन सक्छ ।शिशुमा पेट दुख्ने, बान्ता हुने, निमोनियाले गम्भीर असर पुऱ्याएको छ भने अक्सिजनको स्तर कम हुने र ओठ नीलो हुने लक्षण देखिन्छन् ।

कति बेला अस्पताल लैजाने ?यदि रुघाखोकी र ज्वरो हल्का मात्र छ तर सास फेर्न समस्या छैन र बान्ता पनि गरिरहेको छैन भने घरमै ओरल एन्टिबायोटिक औषधि दिने, खानपानि र चिसोबाट जोगाए निको हुन सक्छ ।तर अत्यधिक ज्वरो, सास फेर्न कठिनाइ भइरहेको खण्डमा भने तत्काल अस्पताल लैजानुपर्ने हुन्छ ।सास फेर्न समस्या भएको कसरी थाहा पाउने ?दुई महिनाभन्दा सानो शिशुको सास फेर्ने क्रम ६० भन्दा माथि भएमा, दुई महिनापछिको उमेरदेखि एक वर्षसम्मको बच्चामा ५० भन्दा बढी भएमा, दुई वर्षदेखि पाँच वर्षसम्मका बालबालिकामा ४० भन्दा बढी र पाँच वर्षसम्मका बालबालिकाको ३० भन्दा बढी भएमा सास फेर्न कठिन भइरहेको थाहा पाउन सकिन्छ ।

उपचारनिमोनियाको उपचार छिटो पहिचान गरी उपचार गरेमा निमोनियाले हुन सक्ने सम्भावित जटिलताबाट बच्न सकिन्छ। यसको उपचारमा सामान्य लक्षण भए ओरल एन्टिबायोटिक औषधि दिन सकिन्छ। तर बच्चाको श्वासप्रश्वासमा समस्या, उच्च ज्वरो, खाना पचाउन नसक्ने अवस्थामा अस्पताल भर्ना गरी सुईबाट एन्टिबायोटिक औषधि दिनुपर्ने हुन्छ ।भाइरल निमोनिया छ भने एन्टिभाइरल औषधि चलाउनुपर्छ । जटिलतानिमोनियामाको समयमा उपचार भएन वा सहीसँग उपचार नभएमा ज्यानै जानेसम्मको जोखिम हुन सक्छ। निमोनियाको कारण शरीरमा अक्सिजनको कमी भएपछि मुटु, मस्तिष्कलगायत अंगहरुमा पनि असर गर्छ ।साथै, आईसीयूमा भर्ना गर्नुपर्ने वा सास फेर्न कठिन भई कृत्रिम सास दिनुपर्ने अवस्था आउन सक्छ । बच्चाको रोगप्रतिरोधात्मक क्षमता कमजोर हुन्छ ।

जसकारण निमोनिया बढ्दै गई रगतमा फैलिएर शरीर भर नै संक्रमण हुन सक्छ । जसलाई 'सिभियर सेप्सिस' भनिन्छ । अर्को भनेको निमोनिया नै बिग्रिएर छातीमा पानी जम्ने हुन सक्छ ।जोगिन के गर्ने ?निमोनियाबाट जोगाउन नवजात शिशुलाई निमोनियाविरुद्धको खोप अनिवार्य दिनुपर्छ । जाडोयाममा बच्चालाई चिसो र भाइरल संक्रमण भएको व्यक्तिको सम्पर्कबाट टाढा राख्नुपर्छ ।दुई वर्षभन्दा मुनिको नवजात शिशुमा प्रतिरोध क्षमता कम हुने भएकाले धुवाँधुलो तथा प्रदूषण र भीडभाड क्षेत्रमा लैजानु हुँदैन ।

रोगसँग लड्ने क्षमतालाई बलियो बनाउन जन्मेको ६ महिनासम्म आमाको दूध मात्र खुवाउनुपर्छ । साथै, बच्चाको खानपान र पोषणमा ध्यान दिनुपर्छ । कुनै किसिमको लक्षण देखिएमा तुरुन्त अस्पताल गएर चिकित्सकको परामर्श लिनुपर्छ ।

## सामुदायिक विद्यालयमा....................

भएपछि अभिभावक र विद्यार्थीको आकर्षण बागमतीका सामुदायिक विद्यालयतर्फ बढेको हो ।

सामुदायिक विद्यालयको भौतिक संरचनाको व्यवस्थापन, शिक्षाको गुणस्तर सुधारका साथै प्राविधिक तर्फपनि थोरै शुल्कमा अध्यायन गर्न पाउने भएपछि नगरभन्दा बाहिरका अभिभावक तथा विद्यार्थीको पनि आकर्षण बढेको जनता माविका प्रधानाध्यापक लोकनाथ दाहालले बताउनुभयो ।

विद्यालयमा विद्यार्थीको चाप बढ्दै गएकाले प्रवेश परीक्षाको माध्यमबाट मात्र विद्यार्थी भर्ना लिन कर्मैयास्थित महेन्द्र माविका प्रधानाध्यापक नवकिरण श्रेष्ठले बताउनुभयो ।

“पहिला पहिला यहाँका सामुदायिक विद्यालयमा विद्यार्थी पढ्नै मान्दैनथे तर अहिले सामुदायिक विद्यालयमा विद्यार्थी भर्नाका लागि तछाडमछाड चल्छ, नगरपालिकाले मापदण्ड बनाएको छ, सोहीअनुसार विद्यार्थी भर्ना लिने गरेका छौं”, उहाँले भन्नुभयो। विद्यार्थी भर्ना गरिदिनु पर्यो भनेर चर्को दबाब आउँछ तर नगर पालिकाले निर्धारण गरेको मापदण्ड र विद्यालयको भौतिक संरचनाका साथै सङ्ख्यात्मकभन्दा गुणात्मक विकासमा लाग्ने तयारी भएकाले भर्ना लिनसक्ने अवस्था नरहेको सामुदायिक विद्यालयको भनाइ थियो ।

पछिल्लो समय सामुदायिक विद्यालयमा भएको शैक्षिक सुधार ले थोरै लगानीमा गुणस्तरीय शिक्षा पाउने भएपछि अभिभावकसमेत उत्साहित भएका छन् ।

## प्रधानाध्यापकको..........................................

उनले अघि थप्दैं भने, ‘ विद्यालयबाट हुने गरेको आयआर्जनमा प्रधानाध्यापक मदनकुमार महराले अनियमितता गर्ने गरेको सवाल आफुले लेखापालको हैसियतले उठाएपछि वहाँ ममाथि नै रिसले खनिनु भयो र मसँग बदला लिने भावबाट ग्रसित भएर नै वहाँले सबै शिक्षकहरुको समेत तलब रोकेर मानवतासमेत बिर्सनु भयो। स्रोतका अनुसार औरही गाउँपालिकाको कार्यालयले नै अन्यत्र पढाइरहेका शिक्षक बद्री नारायण यादवलाई यस विद्यालयमा ल्याएर प्रधानाध्यापक बनाउने योजनामा छन् ।

सो कुरा प्रधानाध्यापक महराले थाहा पाएपछि उनले आफुलाई हटाउन लागेको र यस कार्यमा शिक्षकहरुको समेत संलग्नता देखिएकाले ८ महिनादेखि शिक्षक, कर्मचारीहरुको तलब नै रोका गरेर राखेको आरोप उनीमाथि छ ।यस विद्यालयमा ५ राहत शिक्षक, २ करार शिक्षक, १ मावि शिक्षक, ४ बालबिकास शिक्षक, ३ प्रावि शिक्षक, २ अस्थायी करार शिक्षक गरी २२ जना शिक्षक तथा शिक्षिक र कार्यालय सहयोगी कार्यरत्त छन्। उनीहरु दशैं, तिहार, छठलगायतका पर्वहरु सम्पन्न भएपनि हालसम्म तलब नपाउँदा घरमासमेत दयनिय अवस्था रहेको भन्दै केही महिनादेखि ऋण लिएर जिवनयापन धाउनु परेको एक शिक्षकले दुखेसो पोखे।

# दुरा जातिको परम्परागत उपचार विधि : कुन रोगमा कुन जडीबुटी खाने ?

नेपालमा आधुनिक उपचार पद्धतिको सुरुवात हुनुभन्दा पहिले धामीझाँक्रीमा मात्रै मान्छेले विश्वास गरेर बस्ने गर्दैनथे । आधुनिक चिकित्सा पद्धतिको विकास हुनुपूर्व नेपालका अधिकांश जातिमा एकजना वैद्यको व्यवस्था गरिएको हुन्थ्यो । तिनै वैद्यहरुले आयुर्वेदिक उपचार विधि अनुसार बिरामीको अवस्था हेरेर विभिन्न जडिबुटी खुवाउने गर्थे ।दुरा समुदायमा पनि बिरामी हुँदा खुवाउने जडीबुटीको सूची छुट्टै छ। यो समुदायमा कसैलाई कुनै रोगव्याधी लागेको खण्डमा आफ्नै खेतबारी, जंगल र पहाडमा पाइने जडीबुटीहरूको प्रयोग गरी उपचार गर्ने परम्परा रहेको आदिवासी जनजाति अनुसन्धान तथा विकास केन्द्रबाट प्रकाशित दुरा संस्कृति र समुदायमा आधारित अनुगमन तथा सूचना प्रणाली नामक कृतिमा उल्लेख छ ।

तुर्लुङकोटका शेरबहादुर दुराले विगत लामो समयदेखि गाउँको कसैलाई गानो गोला, ज्वरो, जण्डिस, अरूची, ग्याष्ट्रिक र हातगोडा सुन्निएका बिरामीहरुले यही विधिबाट उपचार गर्दै आएका छन्। उनकोमा आफ्नो गाउँका साथै अन्य छिमेकी गाउँहरू भोर्लेटार, पोखरा, काठमाडौंबाट समेत चिने जानेकाहरू मार्फत् औषधि माग्न आउने गर्छन् ।जडीबुटीहरुको उपलब्धता, प्रयोग र मात्राका सम्बन्धमा दुराहरूमा परम्परागत ज्ञान रहेको पाइन्छ। दुराहरूले विभिन्न रोगहरूमा फरक-फरक किसिमका जडीबुटीहरू प्रयोग गर्ने गर्छन् ।दुराहरुले कुन जडीबुटी के-को लागि र कसरी प्रयोग गर्छन् ?रुदिलोरुदिलोको प्रयोग ज्वरो आएमा र मुखमा खटिरा आएमा प्रयोग गरिन्छ। यसको पात र जरा ओषधिको रुपमा प्रयोग गर्ने गरिन्छ। यसको पातलाई थिचेर टाउकोमा लेप लगाउने, जरालाई घोटेर वा थिचेर लगाउने गरिन्छ ।डाङ्झार (ठूलो खाले)यो जडीबुटीको प्रयोग बच्चाको टाउकोमा खटिरा आएमा प्रयोग गर्ने गरिन्छ । यसको पातलाई थिचेर त्यसको रसले नुहाउने गरिन्छ ।गन्धेझारहात/खुट्टा काटेमा गन्धेझारको पात लगाउने गरिन्छ । यसको पातलाई निचोरेर रस निकाली काटेको भागमा लगाउने गरिन्छ ।वासुकीवासुकी भन्ने जडीबुटीलाई ज्वरो, ग्याष्ट्रिक रोगको निवारणको लागि प्रयोग गरिन्छ। यसको फललाई पकाएर रस पिउँदा सो समस्या निवारण हुन्छ भन्ने विश्वास छ ।गुर्फोपिसाब रोकिएमा वा गर्मी भएमा गुर्फोको प्रयोग गर्ने गरिन्छ । यसको लहरालाई पिसेर रस बनाई पिउँदा उक्त समस्या समाधान हुन्छ भन्ने मान्यता राखिन्छ ।बिरालेको लहर पेट पोलेको समस्यालाई बिरालेको लहराले समाधान गर्ने बताइन्छ। बिरालेको लहराको बोक्रा बोक्रालाई पानीमा भिजाउने र यसबाट निस्केको चिप्लो झोल पिउने, अर्कोतर्फ अलैंची र चिप्ले किराको फूल मिसाएर पनि उक्त समस्याको निवारण गर्न सकिन्छ भन्ने मान्यता छ ।मालबु केराको जरामालुवा केराको जरालाई आँतमा गर्मी भएको खण्डमा प्रयोग गर्ने गरिन्छ ।

उ त्त ?

समस्याको लागि मालुवाको जरा कुटेर रस पिउने गरिन्छ ।पुरानेको लहराआँखामा फुलो परेमा पुरानेको लहरा लगाउने चलन पाइन्छ । यसको लहरा काटने र लहरलाई मुखले जोडले फुक्ने गरिन्छ । लहराको स-सानो छिद्रबाट निस्कने पानीको रसलाई आँखामा आइड्रपको रूपमा लगाउने गरिन्छ ।बेतलौरीगर्मी भएमा बेतलौरीको प्रयोग गर्ने चलन दुरा समुदायमा पाइन्छ। आँतमा भित्री ज्वरो आएमा पनि बेतलौरीको रुखको डाँठलाई थिचेर रस निकाली पिउने गरिन्छ । यसले उक्त समस्यालाई निको गराउँछ भन्ने मान्यतार राखिन्छ ।हडचुर हडचुर भन्ने जडीबुटी हातखुट्टा भाँचिएमा प्रयोग गर्ने गरिन्छ । यसको प्रयोग बोक्रालाई पिसेर भाँचिएको ठाउँमा डोरीले बाँध्ने र सोही औषधि लगाउने गरिन्छ ।शिकारी लहरा र जराशिकारी लहरा र त्यसको जरा टाउको दुखेको उपचारको लागि प्रयोग गरिन्छ। हड्डी भाचिएमा र मर्किएमा यसको लहरालाई घाममा सुकाउने र सुकेको लहरालाई ढिकीमा कुटेर पीठो बनाई चामलको पीठोसँग मिसाएर पुवा वा रोटी बनाएर खाने गरिन्छ ।थिर्चो, कन्धने लहरा, हरचुलयी तीन जडीबुटी ढाड दुखेको, हड्डी भाँचिएको र मर्किएको ठाउँमा लगाउने गरिन्छ। त्यसमा यसका लहरा गाना आदि काम लाग्छन्। कन्धनेको गाना र हरचुलको बोक्रा ढिकीमा कुटेर पीठो बनाई चामलको पीठोसँग मिसाएर पुवा, रोटी बनाएर खाने गरिन्छ। साथै लेप लगाउने पनि गरिन्छ ।आकाशबेली झारजण्डिसको लागि आकाशबेली झारको प्रयोग गर्ने गरिन्छ। लहरालाई थिचेर त्यसको रस पिउने, झार ओछ्याएर सुकाएर पनि त्यसलाई पिस्न सकिन्छ ।गाइखुरेगाइखुरे भन्ने जडीबुटीको डाँठ/जराको प्रयोग हड्डी भाँचिएमा गरिन्छ । डाँठ र जरालाई पिसेर पीठो बनाई रोटी बनाएर खाने गरिन्छ ।सुनगाभा/भ्याउ फूलहड्डी भाँचिएमा यसको डाँठ र फूलको प्रयोग गर्ने गरिन्छ । डाँठ वा फूललाई पिसेर पीठो बनाउने र भाँचिएको ठाउँमा लगाई काम्रो बाँध्दा यसको सही उपचार पाइन्छ भन्ने मान्यता राखिन्छ । भुइँचम्पाको जरा र गानोलाई हात/खुट्टा भाँचिएको समस्या समाधानको लागि प्रयोग गर्न सकिन्छ ।

यसको जरालाई पिसेर भाँचिएको ठाउँमा लेप लगाई बाँसबाट बनेको काम्रोले बाँध्ने गरिन्छ ।रानी सिन्का झाररानी सिन्का झारलाई पेट दुखेको बेलामा लगाउन सकिन्छ। ग्याष्ट्रिक भएको अवस्थामा बोटको कलिलो भागलाई थिचेर/माडेर सुर्ती जस्तै गरेर खाने गरिन्छ।

बालविवाह सामाजिक र कानूनी अपराध हो

➢ बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,

➢ उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो,

➢ त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ।

परवानीपुर गाउँपालिकाको कार्यालय बारा द्वारा जनहितमा जारी सन्देश

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
National DAILY दैनिक
जि.प्र.का.दर्ता ७८/२०७५/७६

# लैङ्गिक हिंसा र मधेसको अवस्था

लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान जारी छ। नेपालले आगामी सन् २०३० भित्रमा महिला तथा किशोरीहरूलाई सशक्त बनाउन र लैङ्गिक समानता हासिल गर्ने दिगो विकासको लक्ष्य लिएको परिप्रेक्ष्यको लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानले विशेष महत्त्व राख्छ। भर्खरै नेपालले समलिङ्गी विवाहलाई मान्यता दिएबाट यस अभियानमा महत्त्वपूर्ण उपलब्धि भएको छ। अब मधेस प्रदेशमा लैङ्गिक हिंसाको अवस्था कस्तो छ र नेपालले लिएको लक्ष्य पूरा गर्न कस्ता कार्यक्रम सञ्चालन गर्नुपर्छ बुझ्न जरुरी छ। मधेस प्रदेशमा लैङ्गिक हिंसाको अवस्था भयावह छ।

असुरक्षित नाबालिकाहरू, बालविवाह, अनमेल विवाह, दाइजो प्रथा, बोक्सी प्रथा, शिक्षामा छोराछोरीबीच विभेद, "आफ्नी छोरी छोरी, अर्काकी छोरी बकरी" भन्ने सामाजिक प्रवृत्तिले गर्दा मधेसमा लैङ्गिक हिंसाले डरलाग्दो स्वरूप धारण गरेको छ।

यो प्रदेशमा सहज बाटोघाटो, उब्जाउ भूमि, स्कुल, स्वास्थ्य चौकीको उपलब्धता भए पनि मधेस प्रदेशमा सामाजिक विकासको अवस्था अत्यन्त दयनीय छ। त्यस्मा पनि सीमान्तकृत वर्ग, दलित वर्ग, बालिका, महिला वर्ग आदिको अवस्था अझ दयनीय छ। कतिसम्म भने यहाँको सीमान्तकृत वर्गमा आमाको गर्भमा नै रहँदा छोरीको विवाह टुङ्गो गरि दिने र १०-११ वर्षभित्रमा विवाह गरिसक्ने प्रथाले त्यस्ता बालिकाले विवाह के हो ? परिवार के हो ? लैङ्गिक हिंसा के हो ? शिक्षा, स्वास्थ्य र मानव अधिकार के हो ?

सम्पत्तिमाथिको महिलाको हक के हो ? शिक्षाको अधिकार आदि कुनै पनि कुरा बुझेको हुँदैन र विस्तारै लैङ्गिक हिंसाको चपेटामा पर्दछन्। नाबालिकामाथि यौन हिंसा मधेसमा जटिल समस्याका रूपमा रहेको छ। घरमा आफन्त नातेदार, टाढाका नातेदार, चिनजानका व्यक्ति, छिमेकी, शिक्षक आदिबाट नाबालिकाहरू हिंसामा पर्छन्। अधिकांश यस्ता घटना गाउँमा नै दबाइन्छन्। प्रहरीकोमा उजुरी पर्दैन। राज्यसँग त्यसको तथ्याङ्क छैन।

मधेसको सबैभन्दा ठुलो रोग भनेको बालविवाह हो। छोरीलाई सानैमा विवाह गरिदिए आफ्नो भार कम हुने सोचाइ माइती पक्षको हुने गर्छ। उमेर बढी भए र बढी पढाए बढी दहेज दिनुपर्ने डरले जति सक्दो सानै उमेरमा छोरीलाई विवाह गरी पठाइने प्रचलन मधेसमा छ। फलतः एउटा केटीले आफू शिक्षित हुने, वयस्क हुने र बच्चा पाउन सक्षम हुने अवसर नै पाउँदैनन्। यहीँबाट लैङ्गिक हिंसा सुरु हुन्छ र यो जीवनभर चलिर हन्छ। दोस्रो दहेज प्रथाले मधेसमा गहिरो जरो गाडेको छ। समाजमा बढ्दो आडम्बर, दोखासिकीले गर्दा यो प्रथा अझ भयावह भइरहेको छ। दहेज बढी दिन सके राम्रो केटो पाउने दिन नसके केटी जति नै सक्षम वा असल भए पनि आफू सहरको केटा नपाउने समस्या मधेसमा छ।

यति मात्र होइन, विवाह गरेर पतिको घर गइसकेपछि पनि दहेजका लागि केटीलाई दबाब दिने, सासू, ससुरा, नन्द, आमाजू, पति, देवर सबै परिवार भएर अनावश्यक टर्चर दिने, हिंसात्मक गतिविधि गर्ने, घरबाट निकाल्ने, जबरजस्ती माइती पठाउने आदि कुरा समान्य जस्तै लाग्छन् मधेसमा। यसले गर्दा लैङ्गिक हिंसा विकराल रूप लिएको छ। मधेसमा दहेज प्रथा महिलाको विकासका लागि सबैभन्दा ठुलो बाधकका रूपमा रहेको छ। छोरीलाई उमेर पुऱ्याएर उच्च शिक्षा दिलाएर र सक्षम गराएर विवाह गर्ने हो भने दहेज बढी दिनु पर्छ। फलतः यसले छोरीले जीवनभर दुःख पाउने, लैङ्गिक हिंसामा पर्नुपर्ने हुन्छ। हुन त नेपाली महिलालाई कानुन र नीतिमा हक अधिकार दिइएको छ। वर्तमान देवानी संहिताले अविवाहित वा विवाहित छोरीलाई सधैँ अंशको हक रहने कानुनी प्रावधान पनि गरेको छ तर यसको सशक्तीकरण अपर्याप्त रहेको छ र व्यावहारिक रूपमा लागु भएको छैन। समाजमा महिलाहरू भोग्याको साधन छन् र यिनीहरूमाथि हिंसा गर्नु कुनै अपराध होइन भन्ने मानसिकताले पनि लैङ्गिक हिंसा बढाएको छ।

तेस्रो, मधेस प्रदेशमा बोक्सी प्रथाको माध्यमबाट कठोर लैङ्गिक हिंसा भइरहेको छ। समाजका कमजोर तप्काका महिला जस्तैः विधवा, वृद्ध, अशक्त, सहाराविहीन, वर्गलाई त्यहाँको समाजले बोक्सीको आरोप लगाई दिसापिसाब खुवाउने, अमानवीय तवरले कुटपिट गर्ने, कपाल मुण्डन गर्ने, भुत्ल्याउने, गाउँ निकाला गर्ने, समाज बहिष्कार गरी अनेकौँ कष्ट दिने र विचरा बेसहारा ती महिलाको पक्षमा कोही पनि सहारा नहुने र कानुनको दृष्टि पनि तत्काल नपर्ने भएकाले मधेसमा लैङ्गिक हिंसा बढी छ।

मधेसमा युवामा बढ्दो मादक पदार्थको सेवन, बढ्दो नशालु पदार्थको प्रयोगले पनि लैङ्गिक हिंसा बढाएको छ। ग्रामीण समाजका केही युवा साँझदेखि मादक पदार्थ सेवन गरी घर जाने र आफ्नो पुरुषार्थ देखाउन श्रीमतीलाई गाली गलौज, कुटपिट गर्ने र त्यसमा घरका अन्य सदस्यले पनि प्रत्यक्ष, अप्रत्यक्ष सहयोग गर्ने कार्यले पनि मधेस लैङ्गिक हिंसापीडित छ।

हाल बढ्दो वैदेशिक रोजगारीको कारणबाट पनि लैङ्गिक हिंसा बढ्दो छ। घरका पुरुष रोजगारीका सिलसिलामा विदेश गएपछि एक्लै बस्न महिलाहरूलाई अत्यन्त कठिन छ। पुनः यसरी एक्लै बसेकी महिला आफ्नो पैतृक घर छोडी बच्चाको शिक्षादीक्षाका लागि सहर आएर बस्दा त उनीप्रति समाजले हेर्ने दृष्टिकोण र उनले लैङ्गिक हिंसाबाट बच्न गर्नुपर्ने सङ्घर्ष बडो गाह्रो छ। फलतः पछि विदेशबाट पति फर्किएर आएपछि पनि उनको पारिवारिक जीवन सुखद नहुन सक्ने र उनी सधैँ हिंसाको सिकार हुनुपर्ने अवस्था पनि देखिन थालेको छ।

लैङ्गिक हिंसा केवल शारीरिक शोषण वा हिंसा मात्र होइन, एक महिलालाई सानै उमेरमा विवाह गरिदिनु, विवाहपछि उनको अवस्था बारे ध्यान नदिनु, उचित शिक्षादीक्षा नदिनु, सक्षम नागरिक बनाउन कोसिस नगर्नु, सानैमा बच्चा जन्माउन बाध्य गर्नु र उनको क्षमताभन्दा बढी काम लगाउनु, राम्ररी खान लगाउन नदिनु आदि सबै विषय लैङ्गिक हिंसाभित्र पर्दछन्। मधेस प्रदेशमा यस्ता कुरा व्याप्त छन्। मधेसमा आधाभन्दा बढी महिला आफ्नै पति वा पार्टनरबाट शारीरिक, यौनजन्य तथा मानसिक हिंसाको सिकार बनिरहेका छन्।

एउटा चित्रण गर्दछु। मधेसमा एक परिवार छ मध्यम स्तरको, घरमा छोराको विवाह गर्नु छ। छोराले राम्ररी पढेन, कुनै पनि सीप पनि सिकेन, अब विवाह गर्ने बेलामा लमीले केटी पक्षलाई वर्णन गर्छ। बडो राम्रो केटो छ। जग्गाजमिन धेरै छ। काम पनि गर्दछ। सज्जन छ आदि आदि। वास्तविकताभन्दा धेरै बढी बढाएर। किनकि लमीलाई केटी पक्षबाट बढी दहेज दिलाउनु छ। कुरा अघि बढ्छ, विवाह हुन्छ। केटी घर आउँछिन्। ठुलो परिवारका सदस्यको भान्सा पार लगाउनु उनका लागि कठिन हुन्छ।

कसैले पनि सघाउँदैनन्। बुझ्दै जान्छिन्। केटो भने जस्तो सज्जन छैन। नोकरी वा इलम पनि केही छैन। बेलुका मादक पदार्थ सेवन गरेर घर आउँछ। १०-१५ दिन त केही बोल्दिनन्। तर विस्तारै नोकरी खै त मेरो खर्चका लागि अलि पैसा चाहियो भन्न थाल्छिन्। अब केटोको पुरुषत्व उग्र हुन्छ। तँलाई मेरो कामको के मतलब भनी कुट्न थाल्छ।

पैसा चाहिए तेरो माइतबाट लिएर आइज, मलाई व्यवसाय गर्न तेरो माइतबाट पैसा मगाएर ल्याइदे भन्न थाल्छ र भोलिदेखि रातमा अझ ढिलो आउन थाल्छ। विवाह भएको छ। केही समयमा बच्चा त हुने नै भयो। अब यी चेलीमाथि लैङ्गिक हिंसा भयो कि भएन ? छलफलको विषय हुनु पर्छ।

# खेल खबर

## साविक विजेता काठमाडौँलाई गोल गर्नै सकस



**१८ मंसिर, काठमाडौं।**

नेपाल सुपर लिग (एनएसएल) २०२३ मा साविक विजेता काठमाडौं रेजर्स एफसीले तीन खेल सकिँदा जम्मा ५ अंक जोडेको छ। उद्घाटन खेलमै नयाँ टोली स्पोर्टिङ इलाम एफसीलाई १-० ले पराजित गर्दै सुखद सुरुवात गरेको काठमाडौंले त्यसपछिका दुई खेलमा अंक बाँड्नुपऱ्यो।दोस्रो खेलमा चितवन एफसीसँग १-१ को बराबरी खेलेको काठमाडौंले सोमबार त झापा एफसीसँग गोलरहित बराबरीमै चित्त बुझायो।दोस्रो खेल बराबरी भएपछि सोमबार झापाविरुद्ध जित निकाल्दै अंकतालिकाको शीर्ष स्थनमा पुग्ने लक्ष्यसहित काठमाडौं मैदान उत्रिएको थियो। टिमको कप्तानसमेत परिवर्तन गरेको थियो।

अघिल्ला दुई खेलामा कप्तानी गरेका मार्की प्लेयर हिसुब थपलियाको स्थानमा कुलदीप कार्कीलाई कप्तानी आर्मब्यान्ड दिइएको थियो।आपसी छलफलमै कप्तान परिवर्तन गरिएको भन्दै उनले भने, 'हिसुबलाई दुई खेलमा कप्तानको दबाब भएको जस्तो महसुस भएकाले आपसी छलफलमै परिवर्तन गरेको हो।' तर नतिजा भने आएन।साविक विजेता भएपनि काठमाडौंले मैदानमा गोल गर्नै संघर्ष गरिरहेको छ। 'आजको खेलमा जित निकाल्ने लक्ष्यसहित आएका थियौं। जितसहित टेबल टपमा पुग्ने अवसर थियो' खेलपछि काठमाडौंका मुख्य प्रशिक्षक बालगोपाल महर्जनले भने, 'पछिल्ला दुई म्याच जस्तै अट्याकिङ थर्डमा तालमेल मिलेन। खेलाडीले बल खुट्टामा राख्ने भन्दा पनि हतारमा खेलेको जस्तो देखियो। 'साविक विजेता काठमाडौंले अन्य टिम भन्दा अगाडि प्रशिक्षण थालेको थियो। प्रिसिजनमा पनि राम्रो गरेको थियो। दुई मैत्रीपूर्ण खेलमा एकजित र एक बराबरी खेलेको थियो। राष्ट्रिय टिमसँग मैत्रीपूर्ण खेलमा बराबरी खेलेको काठमाडौं उत्साहित थियो।

त्यही लय कायम राख्दै लिगमा पनि राम्रो प्रदर्शन गर्ने लक्ष्य थियो। तर मुख्य प्रतिस्पर्धामा भने काठमाडौं खरो उत्रन सकेको छैन। 'हामी नै आश्चर्यमा छौं' प्रशिक्षक महर्जन भन्छन्, 'प्रि सिजनमा प्रशिक्षणमा राम्रो थियो। त्यसबाट म सन्तुष्ट थिएँ। अहिले पनि खेलाडी राम्रो नभएको होइन, तर टिम गेम चाहिँ देखिएन।'उनका अनुसार लिग सुरु हुनुअघि विदेशी खेलाडीहरु राम्रो लयमा थिए, टिम पनि सन्तुलित देखिएको थियो।

तर अहिले मैदानमा विदेशी खेलाडीहरूबाट अपेक्षा गरे अनुसारको प्रदर्शन हुन सकेको छैन, जुन उनका लागि चिन्ताको विषय बनेको छ। महर्जन भन्छन्, 'विदेशी खेलाडीहरुले राम्रो गर्न सकेका छैन। उनीहरुले अवसर मिस गर्दा पनि अरु खेलाडीहरुलाई पनि दबाब हुन्छ।'अहिले टिममा मुख्य समस्या भनेकै बल पोसेसन नहुनु र खेलाडीहरु इन्डिभिज्युल भएर खेल्ने रहेको उनले बताए। '५-६ पास पनि नहुने, छिटो भन्दा छिटो पास दिने र काउन्टर अट्याक हुने भइरहेको छ' बालगोपालले भने।प्रशिक्षक महर्जनका अनुसार अहिले लिग खेल्ने विदेशी फरवार्डभन्दा विदेशी गोलकिपर र डिफेण्डरहरु राम्रा देखिएका छन्।

'अट्याकर क्वालिटी अलि घटेर डिफेन्सिभ भएको हो कि ? किनकी ५ टिममा विदेशी गोलकिपर छन्', उनले अघि भने, ' डिफेन्डसमा खेल्ने विदेशीहरु पनि राम्रो छन्।'तर अब मैदानमा प्रदर्शन सुधार गर्नुको विकल्प नभएको बताए। 'यसमा सुधार गर्नु बाहेक अरु विकल्प छैन। अब विदेशी खेलाडी ल्याएर थप्ने समय पनि छैन', उनले भने।

अहिले एनएसएल खेल्ने सबै टिम उस्तै देखिएकोले पाएको अवसरमा त्यसलाई सदुपयोग गर्नुपर्ने महर्जनले बताए।किनकी एनएसएलमा गोलको खडेरी पनि छैन, वर्षा पनि छैन।

अहिलेसम्म धेरै गोल भएको खेल भनेको जम्मा तीन गोल हो। अधिकांश खेलमा एक वा दुई गोल मात्र भएको छ। अहिलेसम्म भएको १३ खेलमा जम्मा १९ गोल भएको छ। त्यो भनेको औसत १:४६ हो।

काठमाडौंको हालसम्मको नतिजा
विरुद्ध स्पोर्टिङ इलाम : १-०
विरुद्ध एफसी चितवन : १-१
विरुद्ध झापा एफसी : ०-०

बालविवाह सामाजिक र कानूनी अपराध हो

- बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ।

देवताल गाउँपालिकाको कार्यालय बारा द्वारा जनहितमा जारी सन्देश